# Telecom. Newsletter

नेपाल दूरसञ्चार कं.लि. केन्द्रीय कार्यालय, सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित




नेपाल दूरसञ्चार भवन, भद्रकाली, काठमाडौं


Volume 18, Issue 12 No. 120 Nepal Telecom (Nepal Doorsanchar Co.Ltd.) Monthly, Ashadh 2076 (July-2019)


## हिमालका दुर्गम, पहाडका विकट र तराईका साना वस्तीमा पुग्दै नेपाल टेलिकम

नाफालाई मात्र केन्द्रबिन्दुमा नराखी देशभर निरन्तर सेवाहरु विस्तार गर्दै आएको मुलुककै अग्रणी दूरसञ्चार सेवा प्रदायक कम्पनी नेपाल टेलिकमले देशका विभिन्न विकट, दुर्गम र अनकन्टार वस्तीहरुमा पनि अत्याधुनिक सञ्चार सेवाहरु उपलब्ध गराउँदै आएको छ। कम्पनीले हिमालका विकट वस्तीहरु, पहाडका दुर्गम भेगहरु र तराईका विपन्न र साना गाउँहरु सबै क्षेत्रमा मोबाइल सेवाको विस्तार तथा सेवाको गुणस्तर वृद्धिका योजनाहरु प्राथमिकताका साथ अघि बढाएको छ।

यसै क्रममा कम्पनीले हालै रसुवा, ताप्लेजुङ, डोल्पा, मुस्ताङलगायतका विभिन्न दुर्गम र विकट भेगहरुमा मोबाइल सेवाको शुभारम्भ गरेको छ। हालसम्म मोबाइल तथा टेलिफोन जस्ता सञ्चार सेवाबाट वञ्चित भौगोलिक रुपले अति विकट यी स्थानहरुमा हालै कम्पनीले जीएसएम मोबाइल सेवा पुऱ्याएको हो। त्यसैगरी यस आर्थिक वर्षको जेठ मसान्तसम्ममा कम्पनीले तराईका १७ जिल्लामा थप २ सय ६० बीटीएस टावर निर्माण गरी मोबाइल र इन्टरनेट सुविधा सञ्चालनमा ल्याइसकेको छ।



कम्पनीले ४ हजार २ सय ९० मिटर उचाईमा अवस्थित रसुवाको पाङसाङ डाँडामा बीटीएस राखी सेवा प्रदान गरेको छ। यसबाट लाङटाङ ट्रेकिङ रुट, गोसाइकुन्ड ट्रेकिङ रुटको केही भाग, ठूलो स्याफ्रु, भिम्सा, सिंगवा, नागथली, ग्यात्लाङ, शेर्पा गाउँ, लामा होटल, घोडा तबेला, मुन्टु, सिङडुङ, खाङजिम आदि स्थानमा जीएसएम मोवाइल सुचारु भएको छ। सो बीटीएसबाट त्यस क्षेत्रका ५ सय घरधुरीका करिब २ हजार जनसंख्याले अत्याधुनिक सञ्चार सेवा उपभोगमा ल्याएका छन्। रसुवाकै ३ हजार २ सय ४२ मिटर उचाईमा अवस्थित लाङटाङ पदमार्गमा पनि अर्को बीटीएस स्थापना गरिएको छ। यसबाट लाङटाङ उपत्यकाका २ सय घरधुरीका करिब ७ सय जनसंख्यालाई सञ्चार सेवा प्राप्त भएको छ।

ताप्लेजुङको विकट हिमाली गाउँ घुन्सामा पनि मोबाइल सेवा उपलब्ध गराइएको छ। ३ हजार ८ सय २५ मिटर उचाईमा अवस्थित टावरमार्फत पर्यटकीय गाउँहरु घुन्सा, थामे, ज्याल्पा र कन्चनजंघा बेसक्याम्प आदि स्थानमा सेवा उपलब्ध भएको हो। यसबाट सो क्षेत्रमा बसोबास गर्ने ८० घरधुरीका करिब ३ सय जनसंख्या लाभान्वित भएका छन्।

डोल्पाका दुर्गम स्थानहरु मुकोट र शे फोक्सुन्डोमा हालै जीएसएम मोबाइल सेवा सञ्चालन गरिएको छ। ३ हजार ३ सय १६ मिटर उचाईको मुकोटमा अवस्थित टावरमार्फत छार्का तान्सुङ गाउँपालिकाका दुई वडा र काइके गाउँपालिकाका दुई वडा समेटिन्छन् र खानीगाउँमा पनि सेवा उपलब्ध भएको छ।

त्यसैगरी ३ हजार ७ सय ४ मिटर उचाइमा रहेको शे फोक्सोन्डुमा अवस्थित टावरमार्फत शे फोक्सुन्डोका दुई वडा ऱ्याती र पुग्मा तथा रिग्मो, रिखे, ताप्रिजा र फोक्सुन्डो ताल क्षेत्रसम्म मोबाइल

(बाँकी २ पेजमा)

## नेपाल टेलिकम समृद्धिको संवाहक हो – *प्रधानमन्त्री*

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल टेलिकम मुलुकको समृद्धिको संवाहक भएको बताउनु भएको छ। पाँचथरदेखि डडेल्धुरासम्म अप्टिकल फाइबर बिछ्याउने कार्यको गत जेठ ६ गते शुभारम्भ गर्दै प्रम ओलीले भन्नुभयो- 'नेपाल अहिले हरेक दिन विकास र समृद्धिको मार्गमा एक पाइला अगाडि बढिरहेको छ। सूचना महामार्गको शिलान्यास यस्तै अर्को ठूलो पाइला हो। यसको नेतृत्व नेपाल टेलिकमले गरिरहेको छ।' धादिङको गल्छीमा नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमद्वारा आयोजित एक भव्य समारोहकाबीच मध्यपहाडी लोकमार्गमा सूचना महामार्ग (अप्टिकल फाइबर नेटवर्क) निर्माण कार्यको शिलान्यास गर्ने क्रममा उहाँका यी अभिव्यक्ति आएका हुन्। सो अवसरमा मोबाइल, ल्यान्डलाइन टेलिफोन तथा इन्टरनेटलगायतका अत्याधुनिक सञ्चार सेवाहरुलाई उच्च क्षमता र गुणस्तरयुक्त बनाउन र मुलुकभर भरपर्दो र दीगो सञ्चार सेवा उपलब्ध गराउनका लागि थालिएको अभियानको प्रधानमन्त्रीले औपचारिक शुभारम्भ गर्नुभएको थियो।




(बाँकी २ पेजमा)




## काभ्रेको सिपाघाटमा टेलिफोन एक्सचेञ्जको स्थापना

सबै नेपालीलाई सुचना तथा सञ्चारका माध्यमबाट जोड्ने योजना बमोजिम नेपाल टेलिकमले काभ्रेपलाञ्चोकको सिपाघाटमा टेलिफोन र इन्टरनेट सेवा सञ्चालनमा ल्याएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुलप्रसाद बाँस्कोटाले गत जेठ ३२ मा सिपाघाटमा नयाँ स्थापित एक्सचेञ्जबाट सञ्चालित टेलिफोनमार्फत मण्डन देउपुर वडा नम्बर ६ का वडाध्यक्ष डिल्लीप्रसाद आचार्यलाई फोन गरेर एक्सचेञ्जको उद्घाटन गर्नुभएको हो।

सो अवसरमा उहाँले 'जहाँ जनता त्यहाँ विकास' भन्ने नारालाई साकार पार्ने क्रममा सिपाघाटमा सञ्चार सेवा पुऱ्याइएको र यसबाट सस्तोमा भरपर्दो

(बाँकी २ पेजमा)

# हिमालका दुर्गम...

(१ पेजको बाँकी)

प्रयोग गर्न सकिन्छ । दुवै टावरमार्फत करिब २ हजार सेवाग्राहीले अत्याधुनिक सञ्चार सेवा प्रयोग गर्न सक्नेछन् ।


कम्पनीले हालै मुस्ताङको घमी र छोसेरमा समेत सेवा उपलब्ध गराएको छ । घमी ३ हजार ८ सय मिटर र छोसेर ४ हजार २ सय ७० मिटर उचाईमा अवस्थित छन् । यसबाट याराघारा, घमी, ढाकमर, गर्थु, न्याम्दो, चुङजुङ र कोरला जाने रुटसम्म सेवा उपलब्ध भएको छ ।

त्यसैगरी उपल्लो मुस्ताङको छुसाङमा पनि थ्रीजी मोबाइल सेवाको शुरुवात भएको छ । यहाँस्थित



बीटीएसले त्यहाँका छुसाङ, जेताङ र चैले गाउँका वासिन्दालाई मोबाइल र इन्टरनेट सुविधा उपलब्ध गराउने छ ।

कम्पनीले यस्ता धेरै विकट स्थानमा सेवा उपलब्ध गराउनुमा नाफा र व्यवसायिक दृष्टिले भन्दा बढी सबै नेपालीलाई अत्याधुनिक सञ्चार सेवाबाट जोडी सहज



जीवन यापनका लागि सहयोग गर्ने उद्देश्य रहेको छ । कतिपय हिमाली र विकट स्थानका वासिन्दालाई मोबाइल सेवा उपलब्ध गराउने क्रममा एउटा बीटीएस उपकरण पुऱ्याउन मात्र पनि करिब ५० लाख लगानी हुने गरेको छ ।

त्यसैगरी काभ्रेको घर्तिछाप, छयाङछयाङदी, रसुवाको गोलजुङ र कालिकास्थान, रामेछापको भुजी र तामाङ चिलाउने, सिन्धुपाल्चोकको मेसिप्ले डाँडा र हेलम्बु घ्याङ, नुवाकोटको घ्याङफेदी, धादिङको टाल्टी र रोराङ बेनीघाट, दोलखाको दुधपोखरी, चामचेट र मार्बु लगायतका स्थान पनि हालै मोबाइल सेवाको पहुँचमा आएका छन् । यी स्थानमध्ये विद्युत उपलब्ध नभएका कतिपय ठाउँमा सोलारबाट सेवा सञ्चालन गरिएको छ ।

त्यस्तै यो भन्दा पहिले मनाङको फू गाउँमा स्याटेलाइट लिंक प्रयोग गरी सेवा उपलब्ध गराइएको थियो । मनाङको नार्पाभूमि गाउँपालिकाको वडा नम्बर ४ र फू गाउँको टासी लखाङ गुम्बा परिसरमा टावर राखिएको छ । ४ हजार २ सय मिटर उचाईमा भिस्याट लिंकबाट जडान गरिएको टावरले नजिकै देखिने नामजुङ पिक र हिमलुङ हिमाल बेस क्याम्पसम्म सेवा उपलब्ध गराइरहेको छ । त्यसैगरी यसबाट नार गाउँ प्रवेश गर्ने लोउड पास तथा तिब्बत प्रवेश गर्ने केडछिमी पाससम्म र माथिल्लो मनाङ प्रवेश गर्ने सालेबुङ पाससम्म सेवा उपलब्ध गराउन सकिने छ ।

दुर्गम तथा विकट ती गाउँमा जीएसएम मोबाइल टावर स्थापनाको कार्य निकै कठिनाईका साथ सम्पन्न गरी मोबाइलको पहुँच पुऱ्याइएको हो । अब उक्त भेगमा समेत टुजी तथा थ्रीजी मोबाइल सेवा सञ्चालनमा आएका छन् ।

तराई तथा मधेश क्षेत्रमा मोबाइलको बीटीएस टावर निर्माण कार्यलाई तीव्रता दिइएसँगै ती भेगका ग्रामीण वस्तीका वासिन्दालाई कम्पनीको सेवामार्फत सस्तो दरमा नेपाल तथा विदेशमा भएका आफन्तसँग कुराकानी गर्न र अन्य सुविधा लिन सहज भएको छ ।

तराई क्षेत्रका मोरङ, सुनसरी, झापा, चितवन, सप्तरी, पर्सा, सर्लाही, धनुषा, बारा, रौतहट, सिराहा, कञ्चनपुर, बाँके, बर्दिया, दाङ, कैलाली, महोत्तरी लगायत जिल्लामा कम्पनीले थप बीटीएसहरु राखी सेवा विस्तार र गुणस्तर अभिवृद्धि गरेको हो । पछिल्लो समयमा धेरै बीटीएस थप गरिएपछि तराईका ग्रामीण भेगमा पनि मोबाइल र इन्टरनेट सेवा सहज रुपले उपलब्ध भएको छ ।

धेरै जनघनत्व भएका तराईका जिल्लाहरुमा उपभोक्ताको मागअनुसार सेवा विस्तारका लागि कम्पनीले बीटीएस निर्माणलाई तीव्रता दिएको हो । नेपाल टेलिकमको एक करोड जीएसएम आयोजना अन्तर्गत 'प्याकेज ए' को कार्य लगभग सम्पन्न हुने क्रममा छ । प्याकेज ए को ५२ लाख क्षमताको नेटवर्क विस्तार योजना अन्तर्गत काठमाडौं उपत्यकाबाहेक मध्यमाञ्चल, पूर्वाञ्चल, सुदूर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चल क्षेत्रका विभिन्न स्थानमा बीटीएस टावर स्थापना गर्ने कार्य जारी छ ।

मुलुकका सातै प्रदेशमा फोरजी/एलटीई सेवा विस्तार गर्ने कार्य पनि द्रुत गतिका साथ भइरहेको छ । अत्याधुनिक प्रविधिहरु उपयोग गर्दै कम्पनीले जीएसएम विस्तारको कार्यलाई थप चुस्त पार्ने लक्ष्य लिएको छ ।

# नेपाल टेलिकम समृद्धिको ...

(१ पेजको बाँकी)

सोही दिन प्रदेश १ अन्तर्गत धनकुटाको हिलेमा र प्रदेश ३ अन्तर्गत सिन्धुलीको खुर्कोटमा पनि मध्य पहाडी लोकमार्ग सूचना महामार्ग निर्माण कार्यको शुभारम्भ गरिएको थियो । प्रदेश १ मा ५ सय ९६ किलोमिटर केबुल बिछ्याउने कार्य कोरियाको एलएस केबुल्स, प्रदेश २ को १ हजार २८ किलोमिटरको लागि आरोग्य कन्स्ट्रक्सन नेपाल, चाइना रेलवे र चाइना फयुलको ज्वाइन्ट भेन्चर तथा प्रदेश ३ को ५ सय ५५ किलोमिटर फाइबर बिछ्याउने काम हङकङको सीसीएसआई (चाइना कम्युनिकेसन सर्भिस इन्टरनेसनल)ले सम्पन्न गर्दैछन् ।

दशौं हजार जनताको सहभागिता रहेको सो कार्यक्रममा प्रम ओलीले विकास निर्माणका कार्यमा ढिलाई कुनै हालतमा पनि सह्य नहुने बताउनुभयो । सूचना महामार्ग निर्माण अभियान दुई वर्षमा सम्पन्न गर्ने नेपाल टेलिकम र विदेशी ठेकेदार कम्पनीबीचको सम्झौता छ । मध्य पहाडी लोकमार्ग अन्तर्गत चियोभञ्ज्याङदेखि आरुघाटसम्म कुल २ हजार १ सय ७९ किलोमिटर अप्टिकल नेटवर्क निर्माण गरिने छ ।

अप्टिकल फाइबरको सञ्जाल लोकमार्गबाट जिल्ला सदरमुकाम हुँदै नगरपालिका र गाउँपालिकासम्म जोडिने छ । उक्त सडक खण्डको उत्तर-दक्षिण क्षेत्रमा पर्ने प्रदेश नम्बर १, २ र ३ अन्तर्गतका ३५ जिल्लाका सदरमुकाम तथा नगर र गाउँपालिकाहरुमा अप्टिकल नेटवर्क विस्तार गरिनेछ । मुलुकभरका जिल्ला सदरमुकाम र यसमार्फत सम्पूर्ण गाउँपालिका, विद्यालय र स्वास्थ्य चौकी आदिमा ब्रोडब्यान्ड नेटवर्क पुऱ्याउने सरकारी नीति अनुरुप अप्टिकल फाइबर बिछ्याउने कार्य द्रुत गतिमा अघि बढाइएको हो ।

सोही कार्यक्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटाले सूचना महामार्गको निर्माणले उच्च गुणस्तरका अत्याधुनिक सञ्चार सेवाको उपलब्धतासँगै टेलिमेडिसिन, डिस्ट्यान्स लर्निङ, ई-कमर्स, ई-एग्रिकल्चर, ई-टुरिज्म र ई-बैंकिङ सेवामा समेत सूचना प्रविधिको वृहत्तर प्रयोग गर्न सकिने बताउनु भयो । हाल जम्मा ५६ प्रतिशत जनतामा पुगेको इन्टरनेट पहुँच सूचना महामार्गको निर्माणसँगै सबै नेपालीसम्म पुग्ने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले सूचना महामार्गको निर्माणबाट मुलुकको सर्वांगीण विकास र आधुनिकीकरणमा सहयोग पुग्ने बताउनु भयो ।

सो शिलान्यास कार्यक्रममा स्वागत मन्तव्य राख्दै नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले सूचना र सञ्चार महामार्गको निर्माणले मुलुकलाई डिजिटल युगमा रुपान्तरण गर्ने बताउनु भयो ।

कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत होउ याङ छीले आफ्ना भनाईहरु राख्दै सूचना र सञ्चारका क्षेत्रमा नेपाल र चीनबीच फोरजी विस्तारदेखि सूचना महामार्ग निर्माण कार्यमा भएका सहकार्यबाट दुई मुलुकबीचको सम्बन्ध थप मजबुत भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा संघीय र प्रदेश सांसदहरुका साथै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव महेन्द्रमान गुरुङ, नेपाल टेलिकमका नायब प्रबन्ध निर्देशकहरु र कम्पनीका उच्च अधिकारीहरुको सहभागिता रहेको थियो ।

# काभ्रेको सिपाघाटमा ...

(१ पेजको बाँकी)

टेलिफोन तथा इन्टरनेट चलाउन पाइने बताउनु भयो । उहाँले समृद्ध नेपालको महाअभियानमा नेपाल टेलिकम अत्याधुनिक सूचना र सञ्चार सेवाको पहुँच मुलुकभर पुऱ्याएर महत्वपूर्ण सहयात्री बनिरहेको पनि बताउनु भयो ।

सोही कार्यक्रममा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले देशका कुनाकाप्चाका वासिन्दालाई पनि सेवाको भावनाले सञ्चार प्रविधिका माध्यमबाट जोड्ने र समृद्धिको अभियानमा उनीहरुलाई पनि समेट्ने काम नेपाल टेलिकमले गरिरहेको बताउनु भयो । नव शहरका रुपमा विकास भइरहेको सिपाघाटमा गरिएको टेलिफोन र इन्टरनेट सेवाको विस्तार समृद्धिमा सूचना प्रविधिको माध्यमबाट सहयोग पुऱ्याउने प्रयासको नमूना भएको पनि उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रममा एक्सचेञ्ज रहेको ६ नम्बर वडाका वडाध्यक्ष डिल्लीप्रसाद आचार्यले आफूहरुको माग

# असोजमा देशका प्रमुख शहरमा नयाँ 4G/LTE मोबाइल वितरण गर्नेछौं



**सरोजमान सिंह प्रधान**
निर्देशक, वायरलेस सेवा निर्देशनालय

**कम्पनीका सबैभन्दा महत्वपूर्ण योजनाहरु सञ्चालन गरिरहेको वायरलेस सेवा निर्देशनालयका कामहरु कसरी व्यवस्थापन गरिरहनु भएको छ ?**

वायरलेस सेवा निर्देशनालय प्रमुख रुपमा 4G/LTE र एक करोड जीएसएम मोबाइलको आयोजना सम्पन्न गर्ने कार्यमा चुस्त कार्यक्रम बनाएर लागिरहेको छ । यसका साथै उल्लिखित आयोजनाहरु तथा प्रदत्त सेवाहरु सधैंभरी गुणस्तरयुक्त बनाइरहनका लागि सहयोगी योजनाका रुपमा रहेका विद्युतको क्षमता अभिवृद्धि, सोलारको व्यवस्थापन, उपकरणहरुका मर्मत सम्भारमा समेत विशेष ध्यान पुऱ्याइरहेका छौं । यसका लागि कामको प्रकृति र भौगोलिकता हेरेर कार्ययोजना र कार्यसमूह बनाई कार्यान्वयन गरिरहेका छौं ।

4G/LTE आयोजना समयमै सम्पन्न गर्नका लागि शुरुवाती चरणमा सबै क्षेत्र र निर्देशनालयमै गएर चुनौती र सहजताका बारेमा विस्तृत अध्ययन गरी समाधानका लागि वस्तुगत योजना बनाएर कार्य अघि बढाइएको छ ।

**कम्पनीको मात्र नभई उपभोक्ताको पनि अत्यधिक चासो रहेको 4G/LTE विस्तारको योजना कार्यान्वयन अवस्था कस्तो छ ?**

यो आयोजना कार्यान्वयनका क्रममा हाल Core उपकरणहरु सम्पूर्ण रुपले प्राप्त भई जडानको कार्य समेत सम्पन्न भइसकेको छ । जडान पश्चात यसको कार्यक्षमता परीक्षणको कार्य भइरहेको छ । मुख्य उपकरणहरु काठमाडौमा र बुटवलमा राखिएकोमा अहिले विद्यमान उपकरणसँग यसलाई आबद्ध गर्ने कार्य द्रुत गतिमा अघि बढाइएको छ । यसका सहायक उपकरणहरु मुलुकका विभिन्न ५ स्थानहरु (विराटनगर, हेटौंडा, ललितपुर, बुटवल तथा नेपालगञ्ज) मा जडान गर्ने कार्य पनि सम्पन्न गरिसकिएको छ ।

यसैगरी 4G/LTE का EnodeB उपकरणहरु पनि प्राप्त हुने क्रम शुरु भएको छ । शुरुवाती चरणका सामानहरु क्रमिक रुपमा आपूर्तिकर्ताको गोदाममा पुग्न थालिसकेको छ । स्थलगत सर्वेक्षणको काम ९९ प्रतिशत सकिएको छ ।

**सरकारको समेत प्राथमिकतामा रहेको 4G/LTE आयोजना पूर्व निर्धारित समयमै सम्पन्न गर्नका लागि प्राथमिकताका क्षेत्रहरु कसरी निर्धारण गर्नुभएको छ ?**

पहिलो चरणमा मुलुकका प्रमुख शहरहरुबाटै आयोजना कार्यान्वयन शुरु गर्दैछौं । त्यसपछि क्रमशः बढी जनघनत्व भएका शहरी क्षेत्र र ७७ वटै जिल्लामा क्रमबद्ध रुपमा फोरजी मोबाइल सेवा उपलब्ध गराउँदै जानेछौं । आगामी असोज महिनासम्ममा देशका प्रमुख डेढ दर्जनभन्दा बढी शहरहरुमा 4G/LTE मोबाइल वितरण गर्ने योजना कार्यान्वयनमा ल्याउन हामी प्रयासरत छौं ।

**मुलुकका दुर्गम, विकट र अत्यन्त कम जनघनत्व भएका वस्तीमा समेत मोबाइल सेवा पुऱ्याइरहनु भएको छ, सेवाको निरन्तरता र गुणस्तर कसरी कायम गरिरहनु भएको छ ?**

'नेपाल टेलिकम राष्ट्रको सञ्चार' भन्ने नारालाई साकार पार्न नाफाघाटाको हिसाब नगरी हामी मुलुकका अनकन्टार र विकट भेगमा समेत सञ्चार सेवाहरु पुऱ्याइरहेका छौं । जुनसुकै स्थानमा बसेपनि कुनै नेपालीले सञ्चार सेवाबाट वञ्चित हुनु नपरोस् भनेर नै हामीले पचासौं लाख ढुवानीका लागि मात्र खर्चिएर विकट स्थानमा समेत सेवा उपलब्ध गराएका हौं । सेवा पुऱ्याएपछि त्यसको गुणस्तरीयता र निरन्तरता स्वतः हाम्रो दायित्व हो । प्राप्त गुनासा र सिकायतका सम्बोधनका लागि हामी विकट र दुर्गम स्थानमा प्रतिकूल मौसम, सामान ढुवानी, अत्यधिक महंगीको समेत सामना गरी इन्टरनेट सेवा समेत उपलब्ध गराउन लागिरहेका छौं । यसका लागि VSAT लाई Micro Wave Radio द्वारा क्रमिक रुपमा विस्थापित गरी अझ गुणस्तरयुक्त मोबाइल र इन्टरनेट सेवा निरन्तर उपलब्ध गराउनु हाम्रो प्राथमिकता हो र यसको शुभारम्भ पनि गरिसकेका छौं ।

सेवाको गुणस्तर बढाउन र त्यसको निरन्तरताका लागि विद्युत क्षमता अभिवृद्धि, सोलार व्यवस्थापन जस्ता कार्य प्राथमिकतामा छन् । मुक्तिनाथ क्षेत्रमा त अप्टिकल फाइबर नै पुऱ्याइसकेका छौं ।

**राजधानीकै कतिपय वस्ती र स्थानमा GSM मोबाइलको पहुँच नभएको गुनासा छन्, किन यस्तो भएको होला ?**

राजधानीका साँघुरा गल्लीदेखि अत्यधिक मानव चाप हुने स्थानमा हाम्रो नेटवर्कको प्रभावशाली उपस्थितिका लागि प्रशस्तै बीटीएस विस्तारको योजना कार्यान्वयनको चरणमा रहेको छ । धेरै तला भएका ठूला भवनहरु, होटल, कम्प्लेक्स, सिटी सेन्टर, मल जस्ता सार्वजनिक स्थल र मोबाइल प्रयोगकर्ताको आवतजावत बढी हुने स्थानहरुमा Small Cell जडान गरी सेवालाई भरपर्दो बनाउने र नयाँ बस्ती विकास भएका स्थानहरुमा थप बीटीएस जडान गरिनेछ । २०७२ सालको महाभूकम्प पछि घरभाडा लिने काम ठूलो समस्याका रुपमा आएकाले कम्पनीले योजना बनाए अनुरुप नेटवर्क कभरेज पुऱ्याउन अलि कठिन भएको छ ।

**कम्पनीलाई १ नम्बरको संस्थाका रुपमा स्थापित गर्ने कार्यका लागि वायरलेस सेवा निर्देशनालयको भूमिका सबैभन्दा बढी देखिएको छ । त्यसतर्फ के कस्ता योजना छन् ?**

कम्पनीलाई एक नम्बरकै संस्थाका रुपमा कायम राख्न ग्राहकका माग र आवश्यकता अनुसार नेटवर्क विस्तार नै सबैभन्दा महत्वपूर्ण पक्ष हो । यसकारण 4G/LTE आयोजना अति महत्वपूर्ण छ । सेवामा निरन्तरता र गुणस्तर हाम्रा प्राथमिकता प्राप्त विषय हुन् । त्यस्तै ग्राहकहरुको चाहना र माग अनुरुप अत्याधुनिक र उन्नत नवीन प्रविधिहरुलाई ग्राहकका सेवामा समेट्ने हाम्रो प्रयत्न जारी छ ।

नेटवर्क विस्तारका साथै मर्मत सम्भार समेत हाम्रा मुख्य प्राथमिकता प्राप्त योजना हुन् । ग्राहकको सन्तुष्टिलाई प्रमुख आधार बनाएर अघि बढिरहेका हामीलाई १ नम्बर बन्न कुनै अवरोध छैन ।

**अन्त्यमा, बहुप्रतीक्षित 4G/LTE आयोजना पूर्व निर्धारित समयमै सम्पन्न हुन्छ भनी आम उपभोक्तालाई कसरी आश्वस्त पार्नुहुन्छ ?**

यो आयोजना सम्पन्न गर्ने समयावधि एक वर्ष हो । विगतका आयोजनाबाट शिक्षा लिएर यसमा हामीले सानो-सानो कामका लागि पनि कार्ययोजना, कार्यविभाजन र त्यसका लागि विशेष जिम्मेवारी नै तोकेर समूह समेत खडा गरेका छौं । कार्य समूह बनाउँदा कामको प्रकृतिअनुसार जिम्मेवारी दिइएको छ । तोकिएका कार्यहरु निर्धारित समयमै सम्पन्न गर्नका लागि यो शैली निकै प्रभावकारी पनि देखिएको छ ।

सबै निर्देशनालयसँग समन्वय गरी आयोजना समयमै सम्पन्न गर्नका लागि गर्नैपर्ने कार्यहरु जस्तैः सर्वेक्षण अनुमोदन, घर भाडा, विद्युत क्षमता अभिवृद्धि आदिका लागि कार्य विभाजन गरी कार्य समूहलाई जिम्मा दिइएको छ । यस्ता समूह हरेक निर्देशनालयमा छन् । कामको क्रममा कुनै कमी महशुस भएमा तत्काल सुधार गरी हामी निर्धारित समयमै आयोजना सम्पन्न गर्ने तयारीमा छौं ।

बमोजिम नेपाल टेलिकमले एक महिनामै १ सय २८ लाइन टेलिफोन र उत्तिकै क्षमताको एडीएसएल इन्टरनेट सेवा समेत उपलब्ध हुनेगरी योजना सञ्चालन गरिदिएकोमा कम्पनीप्रति कृतज्ञता व्यक्त गर्नुभयो । काभ्रेको सदरमुकाम धुलिखेलबाट करिव २७ किलोमिटर उत्तरमा इन्द्रावती नदीको किनारमा रहेको सो वस्तीमा टेलिफोन र इन्टरनेट सेवाको पहुँच पुगेपछि विकासमा फड्को मारिएको महशुस गरेको स्थानीय वासिन्दा बिदुर बानियाँले बताउनु भयो ।

वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक प्रमोद कुमार परमारले एक्सचेन्जको तत्कालको क्षमता १ सय २८ लाइनको भए तापनि आवश्यकता बमोजिम क्षमता अभिवृद्धि गर्न सकिने बताउनु भयो । काठमाडौं क्षेत्रीय निर्देशनालयका निमित्त निर्देशक राजेश उप्रेतीले कार्यक्रममा सहभागीहरुलाई स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा कम्पनीका उच्च पदस्थ कर्मचारीहरुका साथै स्थानीय जनसमुदायको बाक्लो सहभागिता रहेको थियो ।

## २० रुपैयाँमा ७० मिनेट कुराकानी, इन्टरनेट वा सन्देश प्रयोग गर्न सकिने

**लोकप्रिय अफर**

नयाँ नयाँ छुट योजनाहरुमार्फत ग्राहकलाई सस्तो दरमा दूरसञ्चार सेवाहरु उपलब्ध गराईरहेको नेपाल टेलिकमका सेवाहरु प्रयोगकर्ता माझ लोकप्रिय भइरहेका छन् । जम्मा ९ रुपैयाँले बिहान ५ बजेदेखि साँझ ५ बजेसम्म ९० मिनेट कुरा गर्न सकिने अफर होस् वा मात्र १५ रुपैयाँमा रातभर इन्टरनेट चलाउन पाइने छुट प्रयोगकर्ताले अत्यधिक रुचाएकै छन् । गत महिना (जेठ) मा भने ग्राहकहरुबाट सबैभन्दा बढी रुचाइएको अफर 'अनलिमिटेड वान आवर प्याक' रहेको छ ।

कम्पनीले ग्राहकको सुविधालाई ध्यानमा राखी उपलब्ध गराएका दुई दर्जनभन्दा बढी अफरहरुमध्ये गत महिना तुलनात्मक रुपमा सबैभन्दा बढी प्रयोगमा ल्याइएको 'अनलिमिटेड वान आवर प्याक' हो । यसमा जम्मा २० रुपैयाँले एक घण्टासम्म कुराकानी गर्न, इन्टरनेट चलाउन वा जति पनि सन्देश पठाउन सकिन्छ ।

२४ सै घण्टा उपलब्ध यो सेवा लिनका लागि सन्देशमा FDPACK लेखेर १४१५ मा एसएमएस पठाउनु पर्छ । त्यसपछि एक घण्टासम्म लगातार कुराकानी गर्न, इन्टरनेट चलाउन वा जति पनि सन्देश पठाउन सकिन्छ । हालै ग्राहकहरुको रुचि र मागलाई ध्यानमा राखी कम्पनीले यस अफरमा १० मिनेट अतिरिक्त समय उपलब्ध गराई २० रुपैयाँले ७० मिनेटसम्म तीनवटै सेवाहरु जति पनि प्रयोगमा ल्याउन सकिने सुविधा प्रदान गरेको छ ।

# निर्धारित कार्यक्रम कार्यान्वयनलाई मूल्याङ्कनको विषय बनाइने

नेपाल टेलिकमले आगामी आर्थिक वर्षका लागि निर्धारित योजना र कार्यक्रमहरु समयमै सम्पन्न गर्न बजेट र चुस्त अनुगमन प्रणाली कार्यान्वयनमा ल्याउन लागेको छ। गत जेठ १० गते कम्पनीको केन्द्रीय कार्यालयमा आयोजित आगामी आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रमसम्बन्धी छलफल कार्यक्रममा प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले सो सम्बन्धी विस्तृत जानकारी गराउदै निम्न बुँदाहरु उल्लेख गर्नुभयो : 'यसअघिका योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थाबाट शिक्षा लिदै अबका योजनाहरु निर्धारित अवधिमै सम्पन्न गरिसक्ने पूर्ण प्रतिबद्धताका साथ बजेट निर्माण गरिने छ। योजना र कार्यक्रमहरु बनाउँदा कम्पनीलाई चरणबद्ध रुपमा एक नम्बरमा स्थापित गरिने लक्ष्य अघि सारिएको छ। कम्पनीले अत्याधुनिक र आकर्षक सञ्चार सेवाहरुको विस्तार र विद्यमान सेवाहरुमा गर्नुपर्ने सुधारलाई उच्च प्राथमिकतामा राखेको छ। चालु आर्थिक वर्षको दोश्रो त्रैमासिकदेखि अत्याधुनिक सञ्चार सेवासहितको 4G/LTE मोबाइल सेवा वितरणका पूर्वाधार खडा गरिसक्ने लक्ष्य कम्पनीको रहेको छ।



निर्धारित लक्ष्य जसरी पनि पूरा गर्नका लागि प्रभावकारी अनुगमन र आवधिक मूल्याङ्कन गरी सफलतालाई प्रोत्साहित र असफलताको वस्तुगत समीक्षा गरी सुधार गरिने छ।

एउटै केबुलबाट फोन, इन्टरनेट, टेलिभिजनदेखि मोबाइल र इच्छाइए बमोजिमका श्रव्यदृश्य कार्यक्रमहरु उपलब्ध हुने एफटीटीएच सेवा विस्तार तथा 4G/LTE मोबाइल सेवा कम्पनीको नीति, कार्यक्रम र बजेटका प्रमुख विषयका रुपमा अघि बढाइने छ।

हाल प्रयोगमा रहेका तारवाला टेलिफोन र यसबाट सञ्चालित इन्टरनेट सेवा एडीएसएललाई अप्टिकल फाइबरले विस्थापित गरी थप गुणस्तरीय फोन तथा अति गतिवान् इन्टरनेट सेवा छिटो प्रदान गरिने लक्ष्य पनि निर्धारण गरिएको छ।'

सो अवसरमा कम्पनी सञ्चालक समितिका सदस्य (कर्मचारी प्रतिनिधि) राज बहादुर रावलले प्राथमिकता प्राप्त योजना र कार्यक्रम निर्धारित समयमै सम्पन्न गर्नुपर्नेतर्फ सबैको ध्यान केन्द्रित हुनुपर्ने बताउनु भयो। उहाँले अगाडि भन्नुभयो - 'निर्धारित कार्यक्रमहरु समयमै सम्पन्न नभएमा यसका कारण र कमजोरी समेत पत्ता लगाएर निवारण गर्नुपर्छ।'

सो छलफल कार्यक्रममा कम्पनीका प्रमुख वित्तीय अधिकृत प्रदीपराज उपाध्यायले कम्पनीको वित्तीय अवस्थाका बारेमा जानकारी प्रदान गर्नुका साथै आगामी बजेट निर्माण गर्दा प्राथमिकतामा राख्नुपर्ने विषय र क्षेत्रका बारेमा प्रकाश पार्नु भएको थियो। उहाँले कम्पनीद्वारा प्रदत्त मोबाइल लगायत अन्य सेवाको प्रयोगबाट प्रतिग्राहक औसत राजस्व अभिवृद्धि गर्ने योजनातर्फ ध्यान पुऱ्याउन आग्रह गर्नुभएको थियो।

उक्त कार्यक्रममा आधिकारिक ट्रेड युनियनका तर्फबाट नेपाल दूरसञ्चार राष्ट्रिय कर्मचारी संगठनका प्रतिनिधि तीर्थराज अधिकारीले चालु आर्थिक वर्षमा पूरा गर्न सकिने योजना र कार्यक्रमलाई प्राथमिकतामा राखी बजेट निर्माण गर्नुपर्ने र यसो भएमा पूँजीगत खर्च वृद्धि हुने तथा तत्काल देखिने उपलब्धि पनि प्राप्त हुने उल्लेख गर्नुभएको थियो।

लामो छलफल र प्रस्तुतिकरणसहित सम्पन्न सो कार्यक्रममा कम्पनीका नायब प्रबन्ध निर्देशकहरु, निर्देशकहरु र आयोजनाका प्रमुखहरु तथा उच्च अधिकृतहरुको सक्रिय सहभागिता रहेको थियो।

# VAS लाई उपभोक्ताको आर्थिक उपार्जनसँग जोड्नुपर्छ

नेपाल टेलिकमले गत जेठ २४ गते कम्पनीको केन्द्रीय कार्यालयमा Value Added Services (VAS) सम्बन्धी अन्तरक्रिया कार्यक्रम (VAS Interaction program) सम्पन्न गरेको छ।

कम्पनीसँग सहकार्य गरी ग्राहकहरुलाई विभिन्न प्रकारका सेवा प्रदान गरिरहेका VAS Service Provider कम्पनीहरुको कार्यलाई अझै प्रभावकारी बनाउन र आवश्यक समन्वय गर्नका लागि यस प्रकारको कार्यक्रमको आयोजना गरिएको थियो। सो अवसरमा VAS सेवाको आवश्यकता, यसको छनोट प्रक्रिया, कम्पनीमा सञ्चालनमा रहेका VAS सेवाहरु, सञ्चालनमा देखिएका मुख्य कठिनाईहरु, VAS सञ्चालनमा आगामी योजना, लक्षित सेवाहरु आदिका बारेमा छलफल गरिएको थियो।



कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले कम्पनीले उच्च गतिको फोरजी/एलटीई सेवा उपलब्ध गराउने तयारी गरिरहेको र यसमार्फत विभिन्न प्रकारका VAS सुविधा उपलब्ध गराउन सकिने भएकाले अहिले देखि नै यसका लागि तयारी गर्न सेवा प्रदायकहरुलाई आग्रह गर्नुभयो। उहाँले मनोरञ्जन, व्यक्तित्व विकास, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा आदि विषयलाई पनि समेटेर VAS कार्यक्रमहरु ग्राहकको आर्थिक उपार्जनसँग जोड्नुपर्ने बताउनु भयो।

कार्यक्रममा कम्पनीका प्रमुख व्यावसायिक अधिकृतको कार्यालयका प्रबन्धक रिना डंगोलले VAS सेवा सम्बन्धी जानकारी प्रस्तुत गर्दै उपभोक्तामैत्री VAS सेवाहरु उपलब्ध गराउन आग्रह गर्नुभयो। कार्यक्रममा वरिष्ठ इन्जिनियर बाबुराम पौडेलले VAS सेवा सम्बन्धी प्रस्तुतिकरण गर्नुभएको थियो।

सो अन्तरक्रिया कार्यक्रममा कम्पनीका अन्तर्राष्ट्रिय सेवा निर्देशनालयका निर्देशक प्रतिभा वैद्य, प्रबन्धक सविना मास्के प्रधान लगायत कम्पनीका अन्य कर्मचारीहरुका साथै VAS सेवा प्रदायकका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

मोबाइल सेवाको क्षेत्रमा Voice र साधारण SMS सेवाको अलावा ग्राहकहरुलाई प्रदान गर्ने अन्य महत्वपूर्ण थप सेवाहरुलाई Value Added Services (VAS) भनिन्छ। प्रविधिको सुलभता एवं उच्च प्रतिष्पर्धाका कारण नेपाल टेलिकमले आफ्ना ग्राहकहरुलाई समय सापेक्ष VAS सेवाहरु उपलब्ध गराउँदै आएको छ।

कम्पनीले २०६३ सालदेखि ग्राहकहरुलाई SMS बाट VAS सेवा उपलब्ध गराउन प्रारम्भ गरेको हो। कम्पनीले हाल VAS सेवाको रुपमा Caller Ring Back Tone (CRBT), Missed Call Alert (MCA), SMS Based Query Service, Interactive Voice Response (IVR) Service, SMS Based Mobile Recharge, Bill Payment and E-Top Up Services, Online Bill Payment/Recharge System Through Banks, SMS to Email Service, Exam Result through IVR/SMS, BULK SMS, SMS Alert/Notification, SMS Poll And Contests, USSD Based Query Services आदि उपलब्ध गराइरहेको छ। यसका लागि कम्पनीले विभिन्न सेवा प्रदायकहरुसँग साझेदारीमा कार्य गर्दै आएको छ।


**सुझाव तथा प्रतिक्रिया पठाउने ठेगानाः नेपाल टेलिकम, प्र.व्या.अ.का., सूचना तथा प्रकाशन शाखा, दूरसञ्चार भवन, भद्रकाली प्लाजा**
**e-mail: newsntc@yahoo.com फोनः ४२१०३७८, फ्याक्स : ४२१०३७९, यो Newsletter www.ntc.net.np मा पनि हेर्न सकिन्छ।**

Published by: Nepal Telecom, Office of CCO, Information & Publication Section, Co-ordinator : **Pratibha Vaidya** Joint Co-ordinator : **Krishna Prasad Bhandari**
Editor : **Umesh Dahal,** Editorial Team : **Eka Raj Subedi, Meghanath Dhakal**




Final